# चेपाङ समुदायका प्रमुख चाडपर्व मनाउने प्रक्रियामा लैङ्गिक भूमिका

**अरुणकुमार काफ्ले**
सह प्राध्यापक, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, पद्मकन्या बहुमुखी क्याम्पस
arunkafle811@gmail.com

**राधा अधिकारी**
उपप्राध्यापक, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, त्रिचन्द्र क्याम्पस
adhikariradha934@gmail.com

**सुजाता नेपाल**
शोधार्थी लैङ्गिक अध्ययन
sujatanepal90@gmail.com

**Received Date**: Dec 21, 2024 **Reviewed Date**: Jan 1, 2025 **Accepted Date**: Feb 6, 2025

***लेखसार***

*चेपाङ समुदायसँग सम्बन्धित प्रमुख चाडपर्वहरू मनाउने प्रक्रियामा लैङ्गिक भूमिकाको अध्ययन यस लेखमा प्रस्तुत छ । समाजमा बसोवास गर्ने प्रत्येक जातजाति तथा जनजाति समुदायका आफ्नै प्रकारका जातीय चाडपर्व तथा उत्सवहरू हुने गर्दछन् । उक्त चाडपर्व, जात्रा तथा उत्सवहरूको सम्बन्ध पितृ तथा पुर्खाहरूको सम्झना र सम्मान, देवीदेवताहरूको पूजाउपासना, वातावरणको संरक्षण र सम्वर्द्धन, मनोरञ्जन तथा आमोदप्रमोद जस्ता पक्षसँग जोडिएको हुन्छ । त्यसैले संस्कृतिको महत्वपूर्ण पक्ष सम्बन्धित जातजाति तथा जनजाति समुदायको चाडपर्व पनि हो । चेपाङ समुदायमा अन्य समाजमा जस्तो धेरै चाडपर्व मनाउने परम्परा छैन । विभिन्न देवीदेवताको पूजाका नाममा भोगबलि चढाउने प्रचलन भने व्यापक छ । यिनीहरू चाडपर्व मनाउँदा मासु तथा जाँडरक्सीको अत्यधिक प्रयोग गर्ने गर्दछन् । सामान्यतः अन्य जातजाति तथा जनजाति समुदायको देखाशिकीमा चेपाङ समुदायका मानिसहरूले दशैं, तिहार, संक्रान्ति मनाएको पनि देखिन्छ । ती पर्व यिनीहरूका मौलिक जातीय चाड भने होइनन् । चोनाम, देउकुल, बाहाबिस भने यो समुदाय मौलिक तथा प्रमुख चाडपर्व, जात्रा तथा उत्सवहरू हुन् । चाडपर्व र ती उत्सव मनाउँदा पूरा गरिने विधिविधान तथा कर्मकाण्डहरू अमूर्त संस्कृतिअन्तर्गत पर्ने क्रियाकलाप हुन् । त्यसलाई अभौतिक संस्कृति पनि भन्ने गरिन्छ । अतः चेपाङ समुदायसँग सम्बन्धित अमूर्त संस्कृतिको अध्ययनका क्रममा यो जातिका प्रमुख चाडपर्व, जात्रा तथा उत्सवहरूको पहिचान र मनाउने प्रक्रियामा लैङ्गिक भूमिका विश्लेषण गरिएको हो । यो लेखमा प्राथमिक तथ्याङ्क तथा द्वितीयक स्रोतको विश्लेषण भएको छ । यस लेखमा गुणात्मक प्रकृतिका सूचना तुलनात्मक रूपमा धेरै प्रयोग भएका छन् । अतः यो गुणात्मक ढाँचामा आधारित लेख हो ।*

**सूत्रशब्दः** चेपाङ जाति, उत्पत्ति तथा नामकरण, बसोवास तथा जनसङ्ख्या, चाडपर्व तथा उत्सव, लैङ्गिक भूमिका ।

## पृष्ठभूमि

चेपाङ सामान्य सुविधाबाट समेत बञ्चित समुदायअन्तर्गत पर्ने अति सीमान्तकृत र अविकशित एक जाति हो । नेपालको मुलुकी ऐनमा यो समुदायका मानिसहरूलाई मसिन्या मतवाली भनेर सम्वोदन गरिएको छ । वि.सं. २०३४ पछि चेपाङहरूले आफूलाई प्रजा भन्न थालेका हुन् । यिनीहरूका आफ्नै किसिमका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा तथा अभ्यास प्रणालीहरू छन् । उक्त सम्पदा यिनीहरूका मौलिक पचानका महत्वपूर्ण आधार हुन् । यो लेखमा अमूर्त सांस्कृतिक सम्पदासँग सम्बन्धित विशेषतः चाडवाड, जात्रा पर्व तथा उत्सव मनाउने प्रक्रियामा लैङ्गिक भूमिकाका विषयमा विश्लेषण गरिएको हो ।

नेपालमा प्राचीन कालदेखि नै विभिन्न जातजाति तथा जनजातिका मानिसहरू बसोवास गर्दैआएको इतिहास छ । अतः यो मुलुक बहुजाति, बहुभाषि, बहुसंस्कृतियुक्त साझा बासस्थल हो । यहाँ जातजाति तथा जनजातिअनुसारको विविध परम्परा, भाषा, संस्कृति तथा धर्म पाइन्छ । उक्त सम्पदा यहाँ बसोवास गर्ने जातजाति तथा जनजातिका मौलिकता झल्काउने र विशिष्ट पहिचान स्थापनाका आधार हुन् । नेपालमा बसोवास गर्ने कूल १२५ जाति जनजाति मध्ये ५९ जनजातिहरू वि.सं. २०५९ मा आदिवासीको रूपमा पहिचान तथा सूचीकृत भएका छन् । नेपाल आदिवासी जनजाति महासङ्घको स्थापना पछि वि.सं. २०६१ मा उक्त आदिवासी तथा जनजातिलाई उन्नत, अलाभान्वित, सीमान्तकृत, अति सिमान्तकृत र लोपोन्मुख गरी पाँच उपसमूहमा वर्गीकरण गरिएको छ । उक्त विभाजनभित्र चेपाङ चौथो समूहमा पर्ने आदिवासी जनजाति हो (खनाल, २०७९, पृ. ९८) ।

चेपाङ अति सीमान्तकृत, अविकशित, सामान्य सुविधाबाट समेत बञ्चित जाति हो । यो तेस्रो वर्ण अर्थात् वैश्यअन्तर्गत पर्दछ । नेपालको मुलुकी ऐनमा यो समुदायलाई मसिन्या मतवाली भनिएको छ । वि.सं. २०३४ मा चेपाङको उत्थानका निमित्त प्रजा विकाश कार्यक्रम लागु गरियो । यसपछि चेपाङहरूले आफूलाई प्रजा भन्न थालेका हुन् । वि.सं. २०५५ मा नेपाल चेपाङ सङ्घको स्थापना भयो । यो संस्थाले वि.सं. २०६१ मा मकवानपुरमा चेपा[a]हरूको पाँचौ राष्ट्रिय भेला आयोजना गरेको थियो । यसपछि भने चेपाङहरूले आफ् नो मौलिक पहिचान तथा परिचय स्थापित गर्न थालेका हुन् (SNV,NCA, 2008, p.17) । पाको पुस्ताका चेपाङहरूले हिजोआज आफै पनि आफूलाई प्रजा भन्दछन् । अन्यले पनि प्रजा भनेको रुचाउँदै आएका छन् । तन्नेरी पुस्ताका कतिपय भने आफूलाई प्रजा भन्न रुचाउँदैनन् । आफ्नो नामको पछाडी चेपा[a]को सट्टा प्रजा राखेको मनपराउँदैनन् । आफ्नो चिनारी चेपा[a] भनेर दिन चाहन्छन् ।

चेपा[a]हरूको आफ्नै मातृभाषा छ । त्यो चेपाङ्ग भाषा हो । यो भाषा भोट बर्मेली भाषाअन्तर्गत पर्दछ । भुटानका विभिन्न भागमा बसोवास गर्ने ल्हो जातिको भाषासँग चेपाङ जातिको भाषा मिल्दछ । यिनीहरूको लिपि भने भिन्दै छैन । कूल ४८४७६ मानिसहरूले चेपाङ भाषा बोल्दछन् (CBS, 2012) । घुसा तथा जोगिमाराका युवाहरू एक आपसमा कुरा गर्दा प्राय नेपाली भाषा बोल्ने गरेको पाइन्छ । बूढाबूढी भने एक आपसमा चेपाङ भाषामा संवाद गर्दछन् । यिनीहरू मसिनो स्वरमा मिठास पूर्णढङ्गले बोल्दछन् (खनाल, २०७९, पृ. ९८) ।

जातजाति तथा जनजातिका मौलिक विशेषताका आधारमा प्रत्येक समाज वा समुदायको भिन्दा भिन्दै संस्कृति पाइन्छ । प्रत्येक संस्कृतिका भौतिक तथा अभौतिक संस्कृति पक्ष हुन्छन् । त्यसलाई मूर्त तथा अमूर्त

संस्कृति भनिन्छ । चेपाङ पनि मूर्त तथा अमूर्त संस्कृतिका निमित्त सम्पन्न समुदाय हो । यो समुदायका भौतिक संस्कृतिअन्तर्गत आवास, खानपीन, भेषभूषा, गरगहना, घरायसी प्रयोगका सरसामान आदि पर्दछन् । चेपाङहरू प्राचीन कालमा गुफा तथा ओडारमा बस्दथे । हिजोआज घर बनाई बस्न थालेका छन् । घरलाई यिनीहरू किम भन्दछन् । किम अथवा घर मूलतः किम घाँस, सेउला तथा झाडीले बनाएको फारिको किम, काठ र ढुङ्गाको निसपाखे किम, काठ र बाँसको सिमकिम तथा ढुङ्गाको गोरेकिम गरी चार प्रकारका हुन्छन् । प्राय एकतले यस्ता किममा एउटै कोठा हुन्छ । त्यसलाई सुत्ने, पकाउने, कुखुरा, बाख्रा आदि राख्न प्रयोग गर्दछन् । यो समुदायले जीवन सञ्चालनका क्रममा अभ्यास प्रणालीमा आधारित विविध विविध क्रियाकलाप सम्पादन गर्दछन् । ती अभौतिक वा अमूर्त संस्कृति हुन् । त्यस्ता सांस्कृतिक सम्पदाहरूमध्ये चेपाङ समुदायका प्रमुख चाडपर्व मनाउने प्रक्रियमा लैङ्गिक भूमिका शीर्षकको यो लेख उनीहरूका प्रमुख चाडवाड तथा जात्राउत्सव र तिनीहरू मनाउँदा सम्पादन गर्ने विधिविधान तथा कर्मकाण्डहरूको पहिचान, सङ्कलन तथा विश्लेषण र लैङ्गिक भूमिकाको अन्वेषणसँग सम्बन्धित छ ।

**अध्ययनका समस्या**

नेपालमा सहस्राब्दियौँदेखि विभिन्न किसिमका जातजाति तथा जनजातिहरू बसोवास गर्दैआएका छन् । विगत केही वर्षदेखि जातजाति जनजातिका विषयमा अध्ययन भएका छन् । केही समुदायका विषयमा प्रर्याप्त शोधखोज भएका छैनन् । प्रर्याप्त नभएको समुदायमा चेपाङ पनि पर्दछ । त्यसमा पनि उनीहरूका प्रमुख चाडवाड तथा जात्राउत्सव र तिनीहरू मनाउँदा सम्पादन गर्ने विधिविधान तथा कर्मकाण्डहरूका विषयमा उतिधेरै अध्ययन भएको पाइदैन । त्यसैले उक्त समुदायमा प्रमुख चाडवाड तथा जात्राउत्सव र तिनीहरू मनाउँदा सम्पादन गर्ने विधिविधान तथा कर्मकाण्डहरू जस्ता अनुष्ठानका विषयमा यो लेख तयार पारिएको हो । चेपाङ समुदाय प्रचलनमा रहेका प्रमुख चाडवाड तथा जात्राउत्सव केके हुन् ? तिनीहरू मनाउँदा सम्पादन गर्ने विधिविधान तथा कर्मकाण्डहरू जस्ता अनुष्ठान केकस्ता छन् ? र चाडवाड तथा जात्राउत्सव मनाउने प्रक्रियामा लैङ्गिक भूमिका कस्तो छ ? भन्ने जस्ता पक्ष यस अध्ययनका प्रमुख समस्या हुन् ।

**अध्ययनका उद्देश्य**

चेपाङ समुदायका सन्दर्भमा माथि उल्लिखित विविध समस्याहरूको सर्वपक्षीय विश्लेषण गरेर तयारी पारिएको अनुसन्धानात्मक सामग्री उतिधेरै प्राप्त छैनन् । त्यसैले उक्त समस्या तथा अनुसन्धानको रिक्तता परिपूर्तिका निमित्त यो लेख तयार पारिएको छ । यस लेखले सामान्य एवम् विशिष्ट दुई प्रकारका उद्देश्यहरू प्राप्त गरेको छ । चेपाङ जातिको चिनारी, उत्पत्ति तथा नामकरण, थर, उपथर तथा गोत्र, जनसङ्ख्या र बसोवास, मूर्त तथा अमूर्त संस्कृति जस्ता पक्षको जानकारी दिनु यसको सामान्य उद्देश्यअन्तर्गत पर्ने सन्दर्भ हुन् । चेपाङ जातिका प्रमुख चाडवाड तथा जात्राउत्सवहरूका विषयमा शोधखोज र प्रमुख चाडवाड तथा जात्राउत्सव जस्ता अनुष्ठानहरू सम्पादन गर्दा सम्पन्न गरिने विधिविधान तथा कर्मकाण्डहरूको पहिचानका साथै चाडवाड तथा जात्राउत्सव मनाउने प्रक्रियामा लैङ्गिक भूमिका विश्लेषण गर्ने कार्य भने यस लेखको विशिष्ट उद्देश्य हो ।

## अनुसन्धान विधि

यो लेख धादिङ जिल्लाअन्तर्गतका विभिन्न गाउँबस्तीहरूमा बसोवास गर्दैआएका चेपाङहरूलाई केन्द्रमा राखी तयार पारिएको हो । यस क्रममा उनीहरूको अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित प्रमुख चाडवाड तथा जात्राउत्सव जस्ता अनुष्ठानहरूको सङ्कलन, वर्गीकरण, सूचीकरण एवम् विश्लेषण गरिएको छ। प्राथमिक तथा द्वितीयक दुवै प्रकृति तथा स्रोतका तथ्याङ्कहरू विश्लेषण गरिएको यो गुणात्मक ढाँचामा आधारित लेख हो । किनकि यस लेखमा गुणात्मक प्रकृतिका सूचना तुलनात्मक रूपमा धेरै प्रयोग भएका छन् । यस लेखका निमित्त आवश्यक प्राथमिक तथ्याङ्क कार्यक्षेत्र अध्ययनबाट अवलोकन र अन्तर्वार्ता विधि अवलम्बनगरी सङ्कलन गरिएका हुन् । द्वितीयक सूचना भने पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएका छन् । स्थलगत अध्ययनमा अवलोकनबाट चाडवाड तथा जात्राउत्सव जस्ता अनुष्ठानहरू मनाउँदा सम्पादन गरिने विधिविधानहरूसँग सम्बन्धित सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । साथै अन्तर्वार्ता विधिबाट भने चेपाङ समुदायको इतिहास तथा यस क्षेत्रमा बसोवास, उक्त समुदायमा मनाइने चाडवाड तथा जात्राउत्सव जस्ता अनुष्ठान, ती चाडपर्वको इतिहास, मनाउनाका कारण जस्ता विविध पक्षको सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको हो ।

## पूर्वकार्य समीक्षा

चेपाङ समुदायका खासगरी चाडवाड तथा जात्राउत्सव जस्ता अनुष्ठानहरूका विषयमा आजसम्म त्यति धेरै अध्ययन अनुसन्धान हुन सकेको छैन । यद्दपि केही अध्ययनहरू नभएका भने होइन । खासगरी Hodgson (1857) Chepang and Kusunda Tribes of Nepal, Bista (1967) People of Nepal, श्री ५ को सरकार (२०३१) मेचीदेखि महाकाली भाग दुई, शर्मा (२०३७) नेपाली जनजीवन, ढुङ्गेल (२०५१) चेपाङ समुदाय र संस्कृति, Gautam/Thapa Magar (1994) Tribal Ethnography of Nepal, Vol. I, Riboli (2000) Tunsuriban, Shaminism in the Chepang of Southern and Central Nepal, पाण्डेय (२०६०) नेपालका जनजाति, SNV, Neatherland Development Organisation, Nepal Chepang Association (2008) Let the People Lead, Lessons for Working Effectively with Excluded Groups, Khanal (2009) Changing Socio- Cultural Scenario of Chepangs, Chepang (2010) Life Cycle Ceremony of the Chepangs, राई, जे चेपाङ, र डि चेपाङ (२०६८) चेपाङ जातिको चिनारीः आवज विहिन सन्ततिहरूका लागि, खनाल (२०७९) चेपाङ जातिका सामाजिक संस्कार जस्ता सामग्रीहरूको समीक्षाका आधारमा यो लेख तयार पारिएको हो ।

## नतिजा तथा छलफल

यो लेख सङ्ख्यात्मकभन्दा गुणात्मक तथ्याङ्कमा आधारित छ । त्यसैले यो गुणात्मक ढाँचामा सङ्गठित लेख हो । यसमा प्राथमिक तथा द्वितीयक दुबै प्रकारका तथ्याङ्क एवम् सूचना सङ्कलन तथा विश्लेषण गरिएका छन् । सङ्कलित तथ्याङ्क एवम् सूचना विश्लेषण गरी अध्ययनको नतिजा तथा छलफल समावेश गरिएको हो । यस क्रममा चेपाङ जातिका प्रमुख चाडवाड तथा जात्राउत्सव जस्ता अनुष्ठानहरूसँग जोडिएका सर्वपक्षीय सन्दर्भहरूको अनुक्रमका आधारमा विवेचना गरी निष्कर्ष निकालिएको छ ।

### चेपाङ जातिको उत्पत्ति तथा नामकरण

विदेशी विद्वान् हडसन चेपाङसम्बन्धी अध्ययन गर्ने पहिलो व्यक्ति हुन् । चेपाङ र कुसुण्डा एकै समूहअन्तर्गत रहेको विषयमा यिनले जोड दिएका छन् (Hodgson, 1857, p. 45) . लिखित प्रमाण नभएको कारण परम्परागत विश्वासका तथा किंवदन्तीका आधारमा यिनीहरूको उत्पत्ति तथा नामकरणसम्बन्धी विवेचना गर्ने गरिन्छ । रामायणकालमा सीतालाई भगवान् रामले परित्याग गरे । वनवासमा जानु वाध्यता आयो । त्यसपछि सीता वाल्मीकि ऋषिको आश्रममा आएर बसिन । आफ्नो पुत्र लव साथमा थिए । एकदिन वालक लवलाई सीताले खोलामा बाँदरका साथ खेल्न लिएर गइन । आश्रममा ऋषिले कोक्रोमा लवलाई देखेनन् । सीता पुत्र नपाउँदा व्याकुल हुन्छिन भन्ने सोचविचार गरी ऋषिले कुशको एक बालक बनाई कोक्रोमा राखिदिए । पछि सीताले लवलाई आफैसँग ल्याइन । दुई वालक भए । कुशबाट बनेको बालक कुशारी नामकरण गरिदिए । दुबै पुत्रलाई हुर्काउन अराए । पछि गएर लवका सन्तान चेपाङ तथा कुशका सन्तान कुसुण्डा कहलिए (Bista, 1967, p. 117) .

समय वित्दै जाँदा दुई वालक हुर्कदै गए । एकअर्का बीचमा शत्रुता बढ्न थाल्यो । दुबैमा यतिधेरै मनोमालिन्य बढ्यो कि एक अर्काको ज्यान लिनसमेत तयार भए । दुबै जना कुकुर र वाण लिएर जङ्गलमा शिकार गर्न जाने गर्दथे । चेपाङ भाषामा चे भन्नाले कुकुर र पाङ्ग भन्नाले वाण हो । उनीहरूको परम्परागत पेशा शिकार गर्ने हो । प्राचीन कालदेखि शिकार गर्न जाँदा धनुवाण तथा कुकुर लिई हिड्ने हुँदा यिनीहरूलाई चेपाङ भनियो (श्री ५ को सरकार, २०३१, पृ. ९८९) । चेपाङ भाषामा च्यो शब्दले डाँडाँको टुप्पो तथा वाङ्गले ढुङ्गा वोध गर्दछ । पहाडको टुप्पोमा बस्ने वा गुफा वा ढुङ्गाको ओडारमा बस्ने जाति वा पहाडको टुप्पोमा ढुङ्गाको कापबाट पैदा भएको जातिको आधारमा यो समुदायलाई चेपाङ भनी नामकरण गरिएको हो (ढुङ्गेल, २०५१, पृ. ६) ।

चेपाङलाई चेवन ऋषिका सन्तान पनि मान्ने गरिन्छ । अतः यिनीहरू चेवन, चोवन, चोवाङ्ग कहलिए । पछि विस्तारै चेपाङ भनी नामकरण गरिएको हो (पाण्डेय, २०६८, पृ. १७) । पहाडबाट निस्किएका खहरेका चिप्लो ढुङ्गामा चेपागाँडा प्रजातिको एक प्रकारको माछा पाइन्थ्यो । उक्त माछा मारेर चेपाङहरूले आफनो जीविकोपार्जन गर्दथे । चेपागाँडा प्रजातिको माछा मार्ने तथा खाने हुँदा यिनीहरूलाई चेपाङ भनिएको हो (Gautam, Magar, 1994, p. 106) । यस प्रकार चेपाङको उत्पत्ति तथा नामकरणका सम्बन्धमा विभिन्न किंवदन्ती पाइन्छन् । तापनि यिनीहरू आफूलाई भगवान् रामका पुत्र लवका सन्तान मान्दछन् । लेकाली ढुङ्गेलो पहाडमा बस्ने जातिका रूपमा दाबा गरेको पाइन्छ (अन्तर्वार्ता) ।

### जनसङ्ख्या एवम् बसोवास

चेपाङ जातिका मानिसहरूको कुल जनसङ्ख्या ६८,३९९ रहेका छ । त्यसमा पुरुष ३४,६२० तथा महिला ३३,७७९ छन् (CBS, 2012) । यो जातिको बसोबास नेपालको वागमति, गण्डकी तथा लुम्विनी प्रदेशका धादिङ्ग, चितवन, मकवानपुर, गोर्खा, लम्जुङ्ग, तनहुँ जिल्लाका विशेषतः लेकाली जङ्गल, भिरपाखा, महाभारत श्रृङ्खलाका घना जङ्गल, हेटौडा तथा नारायणघाटको राजमार्गका छेउछाउ तथा केही रोजगारीको सिलसिलामा नवलपरासी, गैंडाकोट, नवलपुर, विराटनगर, बाँके तथा काठमाडौंमा समेत बसोवास गर्दैआएको पाइन्छ । जुन

सुकै क्षेत्रमा बसोवास गरे तापनि आफ्नै समूहमा बस्न रुचाउदछन् । प्राय समुद्री सतहबाट पच्चीस सयदेखि चारहजार फिटसम्मको उचाईमा यिनीहरूको बसोवास पाइन्छ । उक्त विभिन्न स्थानहरूमध्ये धादिङ्ग जिल्ला यिनीहरूको बाक्लो वस्ती भएको जिल्ला हो । धादिङ्ग जिल्लाका विशेषतः घुसा, पिडा, गजुरी, जोगीमारा, सेँतुङ्ग, कुमपुर, नौबिसे, तसर्पु, धार्के, महादेवस्थान, गोगनपानी, छत्रेदेउराली जस्ता गाउँवस्तीहरूमा बसोवास गर्दैआएका छन् (Chepang, 2069, p. 118) ।

धादिङ्ग जिल्लाको घुसा गाउँको कुल जनसङ्ख्या ६५३० मध्ये चेपाङहरूको जनसङ्ख्या २५१७ रहेको छ । जोगीमाराको कुल जनसङ्ख्या ६९८२ मध्ये २६२६ चेपाङहरू छन् । यिनीहरू दोलखा जिल्लाको सुनाथली क्षेत्रबाट परापूर्वकालमा बसाई सरि आएका आएको हुन् । उक्त क्षेत्रमा चेपाङहरूका पहिले चार जना राजा थिए । आफ्नो सामूहिक दरबार पुकुन्थलीमा थियो । राजी राजाले सबैको नेतृत्व गर्ने गरेको बताउँछन् । पाटनका राजाद्वारा चेपाङ राजाहरू पराजित भएपछि उक्त क्षेत्र उनले अधिनमा लिए । पछिल्ला समयमा देशका अन्य क्षेत्र विकाश हुँदा चेपाङको बसोवास क्षेत्रमा कसैले ध्यान दिएनन् । फलस्वरूप लामो समयदेखि यिनीहरू जङ्गली जीवन बिताउन बाध्य भए (खनाल, २०७९, पृ. १००-१०१) ।

**थर, उपथर तथा गोत्र**

चेपाङहरू शारीरिक संरचना मंगोल जातिका मानिससँग मिल्दछ । यिनीहरूमा विभिन्न थरहरू पाइन्छन् । पुकुन्थली तथा कछारे गरी दुई समूहमा यिनीहरू वर्गीकृत छन् । पुकुन्थलीलाई प्रजा भनिन्छ । यसअन्तर्गत भारा, प्रोसो, जारगें, बरे, नगरकोटे, जुङ्गरागें, ज्यामताँङ्ग, रोङ्गबाँङ्गे, पोदवाङ्गे, बाङ्गरागे, रूपाकोटे, नाईके पोनियो राना आदि उपथर पर्दछन् । कछारे आफूलाई सुन प्रजा भन्ने गर्दछन् । नलसिरी, धुसराङ्गी, बर्सिरिङ्गी, बिराङ्गमाई, रार्लिङ्गमाई, तिर्मिमाई, कौदाली, बोल्था यसअन्तर्गत पर्ने उपथर हुन् (Gautam & Thapa Magar, 1994, p.106) ।

चेपाङ जातिमा माथि उल्लिखित बाहेक अरु विभिन्न उपथरहरू पनि छन् । उनीहरूको बसोवासको स्थान, व्यवसाय तथा वैवाहिक सम्बन्धको आधारमा कतिपय थरहरू रहेका हुन् । नुवाकोटे, रूपाकोटे, प्रोसो आदि बसोवास गरेको स्थानको आधारमा, ढुंङ्गा भएको स्थानमा जग्गा आबादि गर्नेका सन्तान बाङ्गराङ्गे, डोको डालो बन्नेका सन्तान रोम, विवाहमा डोली बोक्नेका सन्तान पेटारे आदि व्यवसायका आधारमा, जारी विवाह गरि जन्मेका सन्तान जारगें तथा चेपाङ केटीले अन्य जातका केटासँग विवाह गरि जन्मेका सन्तानका व्याल, कमर आदि थर पाइन्छन् (अन्तर्वार्ता) ।

नेपाल राष्ट्रिय जातीय सङ्ग्रहालयका कोषादक्ष सन्तबहादुर चेपाङअनुसार चेपाङ जातिमा कुल २२ गोत्र रहेका छन् । चेपाङ समुदायका प्राय सबैले मानिसले आ-आफ्नो नामको पछाडी थरको सट्टा प्रजा वा चेपाङ उल्लेख गर्ने गरेको पाइन्छ । त्यसो हुँदा यिनीहरूमध्ये को पुकुन्थली र को कछारे हुन छुट्याउन निकै समस्या छ । स्थानीयका अनुसार त्यसरी अलग्याउन मिल्दैन । यदि कसैलाई छुट्याएमा समाजले नराम्रो मान्दछ ।

**चेपाङ समुदायका प्रमुख चाडपर्व**

भौतिक संस्कृतिको अर्को नाम मूर्त संस्कृति हो । मूर्त संस्कृति भौतिक पक्षसँग सम्बन्धित हुन्छ । मूर्त संस्कृति मानिसको सिर्जना शक्तिको भौतिक अभिव्यक्ति हो । यस किसिमका सांस्कृतिक निधिहरूको आकार प्रकार हुन्छ ।

त्यस्ता वस्तु देख्न, छुन र प्रयोग गर्न सकिन्छन् । परापूर्वकालदेखि प्रचलनमा रहँदै र मान्दै आएका एवम् निर्माण गरिएका त्यस्ता वस्तुहरूलाई भौतिक संस्कृति भनिन्छ (खत्री, २०७०, पृ.७) । युनेस्कोले सांस्कृतिक सम्पदाको वर्गीकरण गर्ने क्रममा मानव बसोवासको ढाँचा, स्मारक तथा कलावस्तु गरी मूर्त सांस्कृतिक सम्पदालाई तीनवटा विधामा विभाजन गरेको छ ।

युनेस्कोले अभौतिक संस्कृतिलाई अमूर्त संस्कृति भनेको छ । युनेस्कोले अमूर्त सांस्कृतिक सम्पदाको वर्गीकरण गर्ने क्रममा मौखिक परम्परा एवम् अभिव्यक्ति; अभिनय तथा प्रदर्शनकारी कला; सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव; प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार; र परम्परागत कलाकौशल र शिल्प प्रविधि गरी पाँच वटा विधामा विभाजन गरेको छ (UNESCO, 2003, p. 8) ।

चेपाङ समुदायमा यावत क्रियाकलाप, उनीहरूको दैनिक जीवनयापन शैली, भिरालो पाखामा आगो लगाई तीन वर्षसम्म खोरिया खेती गरि पुन अर्को पाखोमा सर्ने परम्परा, शिकारको लागि बनदेवी पूजा, शिकार खोज्ने शैली, व्यक्तिगत वा सामूहिक रूपमा माछा मार्ने शैली, कन्दमूलबाट बिष काट्ने तरिका, आफनै परम्परागत काठको हाते कोलबाट चिउरी पेल्ने तरिका, आर्थिक उपार्जनको आधार, बाँस, चोया, निगालो तथा सिस्नु जस्ता प्राकृतिक वस्तुको छनौट गरि विभिन्न विधिद्वारा हस्तकलाका सामग्री निर्माण गरिने शैली, सामाजिक व्यवहार, पारिवारिक सदस्यको भूमिका, सङ्गठन, चेपाङले तल्लो अछुत जातिले पकाएको भात नखाने साथै तल्लो जातिले बाहेक चेपाङले पकाएको भात कसैले नखाने भात-भान्छासम्बन्धी नियम, रितीरिवाज, संस्कार पद्धति तथा प्रक्रिया, भाषा, देवीदेवता पूज्ने तरिका, लोकोपचारको विधि, धामी झाँक्रीको सामाजिक मान्यता तथा स्थान, तिनका मन्त्र, अलौकिक शक्ति माथिको विश्वास तथा त्यसको भौतिक संसारसँग समन्वय र सम्बन्ध राख्ने तरिका, लोकगीत, नृत्य, कथा आदिजस्ता पक्षमाथि विश्वास गर्ने र त्यसको अभ्यास गर्ने परम्परा छ । उक्त विविध आयामहरू चेपाङका समुदायका अमूर्त संस्कृति हुन् (खनाल, २०७९, पृ. ९७) ।

युनेस्कोले अभौतिक संस्कृतिका समग्र पक्षलाई माथि उल्लिखित पाँच ओटा विधामा वर्गीकरण गरेका छ । उक्त वर्गीकरणमा चाडवाड तथा जात्राउत्सव तथा अनुष्ठानगत कार्यहरू सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सवअन्तर्गत पर्दछन् । सोही सिद्धान्तका आधारमा यस अध्ययनमा चेपाङ समुदायका प्रमुख चाडवाड तथा जात्राउत्सव जस्ता अनुष्ठानहरूसँग जोडिएका सर्वपक्षीय सन्दर्भहरूको सङ्कलन, पहिचान, वर्गीकरण, विश्लेषण र सूचीकृत गर्ने कार्य गरिएको हो ।

प्रत्येक समुदायको संस्कृतिको महत्वपूर्ण पक्ष उसको चाडपर्व हो । ती चाडपर्वहरू मनाउने आफ्नै तौरतरिका र शैली हुन्छ । आफूले मानिआएका देवीदेवता, कूलदेवता, इष्टदेवता वा पितृहरूको पूजा गर्ने परम्परा तथा शैली भिन्दाभिन्दै हुन्छन् । ती देवता मान्दा चलाइने जात्रा उत्सव तथा मनोरञ्जनका विधि फरक पनि हुन्छन् । चेपा[a] समुदायमा अन्य समाजमा जस्तो धेरै चाडपर्व मनाउने परम्परा छैन । थोरै मात्र मनाउँदछन् । अनेक देवीदेवताको पूजाको नाममा भोग दिई मासु तथा जाँड, रक्सीको अत्यधिक प्रयोग गर्ने चलन भने यिनीहरूमा निकै छ । दशैं, तिहार, संक्रान्ति यिनीहरूका मौलिक चाड होइनन् । तापनि यिनीहरू मनाउने गर्दछन् । चोनाम, देउकुल, बाहाबिस भने यिनीहरूका मौलिक र प्रमुख चाड हुन् ।

**दशैं**

दशैं यिनीहरूको मौलिक चाड होइन । तापनि यो समुदायमा मनाउने परम्परा छ । अन्य समाजमा जस्तै चेपाङ समुदायमा पनि दशैं पर्व मनाउँदा जमरा राख्ने र लगाउने, मान्यजनका हातबाट टीका लगाउने र आर्शिवाद थाप्ने गर्दछन् । तर अन्य समाजमा जस्तो धार्मिक पर्वका रूपमा भने मनाउदैनन् । देवी तथा कालीलाई भोग दिने, मासु तथा जाँड, रक्सी खाने उद्देश्यले मनाइएको पाइन्छ । यसका लागि प्राय चेपाङहरू पहिलेदेखि नै कुखुरा, खसि, सुँगुर आदि पालिरहेका हुन्छन् । प्राय दशैंको अष्टमी वा नवमी दिनमा काट्ने चलन छ । सक्नेले मात्र अन्नको जाँड, रक्सीको प्रयोग गर्दछन् । नसक्नेले भने गिट्ठा, भ्याकुर जस्ता कन्दमूलबाट जाँड बनाउने चलन छ । दही र अक्षताको टीका लगाउने चेपाङहरू टीका लगाउन र विशेष गरी भोज खान माइती तथा मावली जाने गर्दछन् ।

**तिहार**

तिहार पनि यिनीहरूको मौलिक चाड होइन । तापनि यिनीहरू मनाउने गर्दछन् । दशैं जस्तै मनोरञ्जन गर्ने तथा भोज खाने प्रवृतिले यो पर्व मनाउने चलन छ । यो चाडमा सेल रोटी पकाउने र खाने गर्दछन् । गाई तथा गोरुलाई पिठोको टीका लगाई, पिठो ख्वाउने चलन रहेको छ । चेपाङ समुदायमा दाजुभाइले दिदीबहिनीलाई टीका लगाउन आफ्नो घरमा बोलाउनु पर्ने र नबोलाएमा जादैनन् । अन्य समुदायमा जस्तै तिहारमा बाँसुरी, मादल, खैंजडी, डम्फू बजाई देउसी खेल्ने तथा दोहोरी गाउने गर्दछन् (स्थलगत अवलोकन) ।

**संक्रान्ति**

दशैं तथा तिहार जस्तै सङ्क्रान्ति पनि यिनीहरूको मौलिक पर्व होइन । तापनि यिनीहरू मनाउने गर्दछन् । फागुन महिनामा धैया धान रोपे पछि असार महिनासम्म प्राय यिनीहरू अनिकालको समय मान्दछन् । त्यसबेला गिट्ठा, भ्याकुर, तरुल जस्ता कन्दमूलमा निर्भर रहन्छन् । भदौमा पाक्ने धैया धान श्रावन महिनासम्म राम्रो देखिने हुँदा चाडै बाली भित्र्याउन पाउने आशामा खुशी हुन्छन् । यिनीहरूमा साउने संक्रान्ति मान्ने चलन छ, । यस दिन सुँगुर काटेर जाँड, रक्सीको प्रयोग गरि मनाउने गर्दछन् । चेपाङ समुदायमा प्राय पाँचछ महिना मात्र खान पुग्ने परिवार पाइन्छन् । माघे सङ्क्रान्ति अभाव र दुःखको सुरुवातको सङ्केत मानिने पर्व हो । त्यसो हुँदा निरास नभई खुशी मनाउन विवाह भएका छोरी चेलीलाई डाकी माघे सङ्क्रान्ति पनि साउने जस्तै गरी मनाउँछन् ।

**चोनाम**

चोनाम आफूले मानिआएका देवीदेवता, कुल देवता तथा पितृलाई सर्वप्रथम नयाँ अन्न चढाइने पर्व हो । यो पर्व भदौ शुक्ल पूर्णिमाको दिन मनाउने गर्दछन् । भदौमा घैया धान पाकेर भित्र्याए पछि यो पर्व मनाइन्छ । चोनाम पर्व मनाउन सबै पाँडेको घरमा भेला हुन्छन् । प्रत्येक चेपाङ आआफ्नो घरमा ल्याएका घैया धानको जरैसहितको मुठा साथै निबुवा, कागती, पिडाँलु, बोडी, आरु, अम्बा, हरियो खुर्सानी तथा अन्य नयाँ उत्पादित फलफूलसहित पाँडे कहाँ जान्छन् । जरैसहितको घैया धानको मुठाले पृथ्वी तथा पाताल बीच सम्बन्ध जोड्दछ भन्ने विश्वास उनीहरूमा पाइन्छ । घरमा फलेका फललगायत हरियो खुर्सानी जस्ता आफ्ना उत्पादन चोनाममा नचढाई पहिल्यै खाएमा बिसञ्चो हुने विश्वास पनि छ । त्यसैले चोनामलाई नचढाई खाँदैनन् ।

चोनाम पूजाको लागि पाँडेले आफ्नो घरमा बेदी तयार पार्दछन् । साँझ पख सरु हुने चोनाम पूजा रातभर गाँउका सबै पाँडेहरू भेला भई ढ्याङ्ग्रो ठोक्दै मन्त्र फलाक्छन् । पाँडले मन्त्र फलाक्दै वेदीमा ग्रामदेवता, वनदेवतालगायत पितृदेवतालाई नयाँ अन्न खान बोलाउने चलन छ । पाँडेले ती देवीदेवतालाई बोलाउँदा ती सबै देवीदेवता आउने विश्वास गरिन्छ । सबै चेपाङहरू आआफनो घरबाट ल्याएको धैया तथा अन्य वस्तु चढाउन पालै पिलो पाँडेको अघिल्तिर जान्छन् । पाँडेले गोत्र तथा कूलको नामको उच्चारण गर्दै तीनका कुललाई चढाएको ती सामग्रीहरू ढ्याङ्ग्रोमा फाल्छन् । घरभित्र बेदीमा रातभर पूजा चलिरहन्छ । बाहिर भने चेपाङ युवायुवती दोहोरी, जुहारी गाउने र नाच्ने गर्दछन् ।

यस दिन पाँडेले कुल र अन्य देवीदेवताको पूजा मात्र नगरि विभिन्न प्रकारका रोगीको उपचार गर्ने चलन पनि छ । वनदेवतालगायत विभिन्न देवीदेवता जागी पाँडे अलौकिक दुनियाँमा प्रवेश गर्दछ भन्ने विश्वासले त्यस दिन उपचार गरेको लाग्दछ भन्ने मान्यता छ । उक्त विश्वासअनुरूप कुखुरा, बोका लिई दीर्घ तथा पूराना रोगीसमेत त्यस दिन पाँडेसँग उपचार गर्न जाने गर्दछन् । नयाँ चेपाङले पाँडेमा प्रवेश गर्न यसै दिनमा पाका पाँडेका अगाडि आफूले जानेको वा गुरुले दिएको ज्ञानको प्रदर्शन गर्नुपर्दछ । रातभरको पूजाादि पछि घर घरबाट ल्याइएका कुखरा भोग दिई अलौकिक दुनियाँबाट बेदीमा आव्हान गरिएका देवता, कूल तथा पितृलाई आआफ्नो स्थानमा गई आसिन हुन पाँडले अनुरोध गर्दछन् । यसपछि पूजाको बिर्सजन भने भोलिपल्ट गरिन्छ । सामूहिक रूपमा सबै मिलेर ल्याएका अन्न, कुखुराादि पकाई खाने तथा मनोरञ्जन गर्ने चलन छ ।

**देउकुल**

यो चाड एकै गोत्र वा कुलका चेपाङहरू जम्माभई आफ्ना कुलदेवताको पूजा गर्ने गर्दछन् । कात्तिक, मंसिर वा चैत्र महिनाको मङ्गलबार पारेर यो पर्व मनाउने परम्परा छ । यस दिन कुलका सबै एकै स्थानमा बसेर मानि आएका आफ्ना कुलको देवताको पूजा गर्दछन् । यस बेला चामल, रक्सी, कुखुरा, सुँगुर आदि चाइन्छ । कुलमै कोही पाँडे (फाल) छन् भने उसैले कुल पूजाको लागि ढ्याङ्ग्रो ठोकी मन्त्रद्वारा कुलको पूजा चलाउने गर्दछन् । आफ्ना कुलमा अकालमा मृत्युभई वायु (प्रेत) का रूपमा रहेका पूर्वजलाई वायुबाट मुक्तभई पुर्नजन्म लिन पूजा पनि यो पर्व मनाउने चलन छ । कुलदेवताको पूजा गर्दा कुलदेवता खुशी भए नभएको वा कुनै अशुभ हुने भए कुलले सङ्केत फाललाई दिने तथा यस्तो सङ्केतले कुलमा अशुभ भइछाड्ने अत्यन्त विश्वास गरिन्छ ।

कुललाई सुँगुरको बली दिनै पर्दछ । यो समाजमा पाँडेले मन्त्रेको सुईरोले सुँगरलाई हाने पछि लोलाउँदै भुईमा लड्ने र मर्ने गर्दछ । कुलको सबैजना मिलेर उक्त सुँगुरको मासु, भात पकाउँछन् । एक भाग दोबाटोमा लगेर राख्ने चलन छ । केही समय पछि उक्त राखिएको भात त्यस स्थानमा हुदैन । त्यो कुलदेवताले खाएको विश्वास गर्दछन् । आफ्नै कुलमा पाँडे नभएकाले कुल पूजा गर्न अन्य पाँडेलाई बोलाउँदछन् । ती अन्य गोत्रका पाँडेलाई कुलको प्रसाद दिनु हुँदैन । कुलको प्रसाद बाहेक अर्कै मासु तथा रक्सी खुवाउने वा दिने गरिन्छ (स्थलगत अवलोकन) ।

**बाहाबिस**

बाहाबिस पर्व चेपाङको संस्कृतिको अभिन्न अङ्ग हो । माछा मार्ने निश्चित दिन तोकि चेपाङहरू आआफ्ना घरमा भएका चिउरीको पिना, बोक्राादि लिई माछा मार्न सामूहिक रूपमा जाने गर्दछन् । यस कार्यलाई बाहाबिस

भन्दछन् । यस परम्परागत प्रचलनमा विष प्रयोग गरे माछा मार्ने गरिन्छ । उक्त विष रजस्वला भएकी आइमाईले छोएमा माछा मर्दैन भन्ने विश्वास पनि छ । प्राय हिउँदमा माछा मारिने हुँदा खोलाको पानीलाई अर्को तिर मोड्दछन् । त्यस कार्यलाई दुवाली छेक्ने भन्दछन् । खोलामा उक्त विष हाल्दा माछा छट्पटाउँदै उफ्रन्छन् । सबै मिलेर माछा समाति माछालाई सिब्रिङमा राखेर ल्याउने चलन छ । माछा मार्ने यो पर्व महिला तथा पुरुष दुबै मिलेर सामूहिक रूपमा मनाउँदछन् (स्थलगत अवलोकन) ।

**भूमे दिङ**

चेपाङ समाजमा वन जङ्गल गई रुख दाउरा काट्दा, शिकार खेल्दा, रुख चढी चिउरी टिप्दा वा चमेरो समात्दा प्राकृतिक बनदेवी वा सिमे (रुख) दिङ (देवता) रिसाई अनिष्ट हुन सक्ने विश्वासले बनदेवी तथा सिमे दिङको पूजा गर्ने चलन छ । त्यस्तै पृथ्वीलाई भूमि देवता वा भूमे दिङको रूपमा मान्ने तथा पूज्ने चलन छ । प्राय सबै समाज तथा समुदायमा भूमिको पूजा गर्ने परम्परा पाइन्छ । तर विशेष गरि पाखो डाँडाँ वा भीरमा खोरिया खेती गरि जीवन धान्ने यी समुदायले लगाएको खेतीले प्राय चेपाङहरूलाई वर्षभरि खान नपुग्ने हुँदा त्यही खेतीमा पनि कुनै बिघ्नबाधा नआवोस्, अन्न बारी राम्रो उब्जनी होस् भनी भूमीको पूजा गर्ने चलन छ (अन्तर्वार्ता) ।

फागुन-चैत्र महिनामा मकै छर्नु अघि आफूले लगाएको बाली राम्रो होस्, बढी उत्पादन होस्, अनावृष्टि तथा अतिवृष्टि नहोस् भन्नका लागि भूमे देवताको पूजा गर्नका निमित्त गाउँका प्रत्येक घरका मानिसहरू भेला हुन्छन् । प्रत्येक घरबाट एउटा एउटा कुखुरा तथा समूहगत रूपमा एउटा बोका ल्याई ती गाउँलेमध्ये कसैको खोरिया बारीमा छाप्रो हालेर भूमे देवताको पूजा गर्ने चलन छ । पूजा गर्ने समयमा त्यहाँ गाउँमा भएका सबै पाँडे उपस्थित भई पूजा सुरु गर्दछन् । पूजा गर्दा बारीमा एउटा सानो खाडल खनि खाडलमा पानी भरिन्छ । त्यहाँ भूमे पूजा गरी भूमे दिङलाई कुखुरा तथा बोकाको भोगबलि चढाउँदछन् । उक्त पानी भरिएको खाडलमा सबैले ल्याएको अक्षता, पाती, फूल आदि चढाई, पाँडेहरू मन्त्र फलाक्न थाल्दछन् । पाँडेले ढ्याङ्ग्रो ठोक्दै मन्त्र फलाक्दा उक्त खाल्डोमा अवस्थित अक्षता, पाती घुम्छ वा नघुमी अडिन्छ । बिस्तारै वा छिट्टै घुम्छ आदि पाँडले जोखना हेर्ने गर्दछन् । अक्षता, पातीको घुमाइले त्यो साल अन्न फल्ने, नफल्ने वा केही बिघ्न आउने भए त्यसको सङ्केत दिने कुरामा चेपाङहरू पूर्णरूपमा विश्वास गदर्छन् । यस्तो सङ्केतअनुसार साच्चै नै अन्नको प्रतिफल निक्लने कुरा चेपाङहरू बताउँछन् ।

**कालीका, गैंडु पूजा**

चेपाङ समुदायमा जेष्ठ पूर्णीमाका दिन कालीका, मालीका, भैरव, भीमसेन आदि देवीदेवीदेवताहरू प्रति पूजा चढाउने परम्परा छ । यस दिन गैंडुको थानमा कुखुराको बली दिई पूजा गर्ने गर्दछन् । बनमा अवस्थित देवी वा मन्दिरका देवी, भीमसेन कहाँ गई गरिने यस पूजामा परिवारका सदस्यहरू विरामी पर्दा वा अन्य समस्याको समाधानका निमित्त गरेका भाकल अनुरूप पूजा तथा भोग यही दिन चढाउँछन् ।

**नामरुङ पूजा**

नामरुङ शिकारकी देवी हुन् । चेपाङ समुदायमा सामूहिक शिकार गर्न जाँदा शिकार गर्नु अघि पाँडेद्वारा शिकारकी देवी नामरुङको पूजा गर्ने गर्दछन् । वर्तमान समयमा चेपाङ समुदायमा सामूहिक शिकार गर्ने परम्परा हराउँदै गएको

छ । हिजोआज पनि व्यक्तिगत रूपमा दुईचार जना जाने गरेका छन् । परम्परागत रूपमा शिकार गर्न जाँदा भने नामरुङ देवीको पूजा गरिन्थ्यो । यसका निमित्त पाँडेले वनको चोखो स्थानमा बेदी बनाई कटुसको ९ वटा हाँगो भाँची ७ वटा ठाडो तथा २ तेर्सो पारी राखेर, हाँगाको अगाडि ७ वटा ढुङ्गा तथा बाँसको कप्टेरोलाई धनु वाणको प्रतीकका रूपमा राख्ने गर्दछन् । पाँडेले उक्त बेदीमा सात शिकारी दिदी बहिनी, ८ तथा १२ शिकारी दाजुभाइको नाम लिदैं घण्ट बजाउँदै आव्हान गर्दै हामी धनु वाण लिई शिकार गर्न आएका छौं, तिमी धनुवाण लिई परापूर्वकालदेखि शिकार गर्ने हे देवता हो, हामीलाई शिकार देऊ तथा क्षमा पनि गर भन्ने मन्त्र फलाक्दै वनका वीर तथा बोक्सीलाई डाक्छन् । पाँडेले ठूलो स्वरमा यी देवीलाई बोलाउँदा शिकार गर्न गएका सबै शिकारीहरू पनि सिट्ठी बजाउँदै ठूलो स्वरमा कराउँछन् । त्यसपछि घरबाट लगिएको भाले नामरुङ देवीका नाममा ती ढुङ्गामा चढाइन्छ । यसपछि शिकार अवस्य पाइन्छ भन्ने विश्वास गरिन्छ । शिकार भेटिने बित्तिकै उक्त शिकारलाई नामरुङको थानमा ल्याई शिकारको रगत, मुटु र टाउको चढाई, शिकार, सबै शिकारी तथा पाँडे बीच बराबरी भाग लगाउँछन् । यसपछि पाँडेलाई अन्यको भन्दा एक भाग बढी दिने चलन छ । नामरुङ पूजा गरेपछि केही दिन शिकार गर्न सकिन्छ ९च्ष्दयषि, द्दण्ण, उ । द्दज्ञठ० ।

**लैङ्गिक भूमिका विश्लेषण**

समाज, समुदाय, घर तथा परिवारमा निर्णय गर्ने विधिविधान, प्रक्रिया तथा प्रणाली हुन्छन् । वादविवाद, छलफल, वहस, सरसल्लाह जस्ता प्रक्रिया तथा प्रणालीका आधारमा निर्णयमा पुग्ने परम्परा लामो समयदेखि निरन्तर अभ्यास गरिदैआएको प्रथाजनित कानुन हो । यो प्रणाली समाजका प्रत्येक जातजाति तथा जनजाति समुदायमा हुने गर्दछ । केटाकेटीदेखि पौढ उमेर र पुरुषदेखि महिलासम्मले आआफ्नो समाज, समुदाय, घर तथा परिवारमा तोकिएका निश्चित कार्यहरू सम्पादन गरिरहेका हुन्छन् यो नै साँचो अर्थमा लैङ्गिक भूमिका हो ।

चेपाङ समाज, समुदाय, घर तथा परिवारमा यो प्रथा तथा प्रणाली कुनै न कुनै नाम र रूपमा अभ्यासमा पाइन्छ । नेपाल आदिवासी जनजातिको वर्गीकरणभित्र चेपाङ सामान्य सुविधाबाट समेत बञ्चित चौथो अर्थात् अति सिमान्तकृत समूहमा पर्ने आदिवासी जनजाति हो (खनाल, २०७९, पृ. ९८) । नेपालको मुलुकी ऐनमा यो समुदायका मानिसहरूलाई मसिन्या मतवाली भनेर सम्वोदन गरिएको छ । वि.सं. २०३४ पछि चेपाङहरूले आफूलाई प्रजा भन्न थालेका हुन् । विश्वासका तथा किंवदन्तीका आधारमा यिनीहरूको उत्पत्ति तथा नामकरणको सम्बन्ध रामायणकालमा सीतासँग जोड्ने गरिन्छ । सीता वाल्मीकि ऋषिको आश्रममा आएर बसेका समयमा आफ्नो पुत्र लव हराउँदा ऋषिले कुशको एक बालक बनाई कोक्रोमा राखिदिए । पछि सीताले लवलाई आफैसँग ल्याइन । त्यहाँ लव र कुश दुई वालक भए । तिनीहरूमध्ये लवका सन्तान चेपाङ कहलिए ९द्यष्कतब, ज्ञढटठ, उ । ज्ञज्ञठ० । यो मिथकले चेपाङ जातिको उत्पत्ति तथा नामकरणको सम्बन्ध रामायणकालमा सीतासँग देखाएको छ । अतः यो घटना लैङ्गिक भूमिका मूल्याङ्कनको एउटा आधार हो ।

चेपाङहरूका आफ्नै किसिमका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा तथा अभ्यास प्रणालीहरू छन् । उक्त सम्पदा यिनीहरूका मौलिक पचानका महत्वपूर्ण आधार हुन् । यो लेखमा अमूर्त सांस्कृतिक सम्पदासँग सम्बन्धित विशेषतः चाडवाड, जात्रा पर्व तथा उत्सव मनाउने प्रक्रियामा लैङ्गिक भूमिकाका विषयमा विश्लेषण गरिएको

हो । चेपाङ समुदायमा पनि दशैं पर्व मनाउँदा जमरा राख्ने र लगाउने, मान्यजनका हातबाट टीका लगाउने र आर्शिवाद थाप्ने गर्दछन् । देवी तथा कालीलाई भोग दिने, मासु तथा जाँड, रक्सी खाने उद्देश्यले मनाइएको पाइन्छ। दही र अक्षताको टीका लगाउने चेपाङहरू टीका लगाउन र विशेष गरी भोज खान माइती तथा मावली जाने गर्दछन् । उक्त सन्दर्भहरू पनि लैङ्गिक भूमिका मूल्याङ्कनको आधार हुन् ।

भाइटीका पर्वमा चेपाङ समुदायमा दाजुभाइले दिदीबहिनीलाई टीका लगाउन आफ्नो घरमा बोलाउनु पर्दछ । दिदीबहिनीले नबोलाएमा उनीहरूका घर जादैनन् । सङ्क्रान्ति पनि यिनीहरूको मौलिक पर्व होइन । तापनि यिनीहरू विवाह भएका छोरी चेलीलाई डाकी माघे सङ्क्रान्ति पनि साउने जस्तै गरी मनाउँछन् । बाहाबिस माछा मार्ने पर्व हो । यो पर्व महिला तथा पुरुष दुबै मिलेर सामूहिक रूपमा मनाउँदछन् । चेपाङ समुदायमा देवी तथा काली, प्राकृतिक बनदेवी, नामरुङ शिकारकी देवी र सात शिकारी दिदी बहिनी जस्ता मातृशक्तिको पूजाउपासना गर्ने परम्परा छ । चेपाङ समुदायमा पाँडे अर्थात् पुजारीको महत्व उल्लेख्य हुन्छ । पाँडे पुरुष नै हुने गर्दछन् । उक्त सन्दर्भहरू पनि चेपाङ समुदायमा परम्परादेखि अभ्यास गरिदै आएको लैङ्गिक भूमिका मूल्याङ्कनको आधार मानिन्छन् ।

**निष्कर्ष**

नेपालमा प्राचीन कालदेखि नै विभिन्न जातजाति तथा जनजातिका मानिसहरू बसोवास गर्दैआएको इतिहास छ । नेपालमा बसोवास गर्ने कूल १२५ जाति जनजाति मध्ये ५९ जनजातिहरू वि.सं. २०५९ मा आदिवासीको रूपमा पहिचान तथा सूचीकृत भएका छन् । आदिवासी तथा जनजातिलाई उन्नत, अलाभान्वित, सीमान्तकृत, अति सिमान्तकृत र लोपोन्मुख गरी पाँच उपसमूहमा वर्गीकरण गरिएको छ । उक्त विभाजनभित्र चेपाङ चौथो समूहमा पर्ने आदिवासी जनजाति हो । चेपाङ्गको आफ्नै चेपाङ्ग मातृभाषा छ । कूल ४८४७६ मानिसहरूले चेपाङ भाषा बोल्दछन् ।

वदेशी विद्वान् हडसन चेपाङसम्बन्धी अध्ययन गर्ने पहिलो व्यक्ति हुन् । चेपाङलाई चेवन ऋषिका सन्तान पनि मान्ने गरिन्छ । चेपाङ जातिको कुल जनसङ्ख्या ६८,३९९ रहेका छ । त्यसमा पुरुष ३४,६२० तथा महिला ३३,७७९ छन् । यो जातिको बसोबास नेपालको वागमति, गण्डकी तथा लुम्विनी प्रदेशका धादिङ्ग, चितवन, मकवानपुर, गोर्खा, लम्जुङ्ग, तनहुँ जिल्लाका विशेषतः लेकाली जङ्गल, भिरपाखा, महाभारत श्रृङ्खलाका घना जङ्गल, हेटौडा तथा नारायणघाटको राजमार्गका छेउछाउ तथा केही रोजगारीको सिलसिलामा नवलपरासी, गैंडाकोट, नवलपुर, विराटनगर, बाँके तथा काठमाडौंमा समेत बसोवास गर्दैआएको पाइन्छ । चेपाङ जातिमा कुल बाईस गोत्र छन् ।

भौतिक संस्कृतिको अर्को नाम मूर्त संस्कृति हो । मूर्त संस्कृति भौतिक पक्षसँग सम्बन्धित हुन्छ । युनेस्कोले अभौतिक संस्कृतिलाई अमूर्त संस्कृति भनेको छ । चेपाङ्ग समुदायका प्रमुख चाडवाड तथा जात्राउत्सव जस्ता अनुष्ठानहरूसँग जोडिएका सन्दर्भहरू अमूर्त संस्कृतिअन्तर्गत पर्दछन् । चेपाङ समुदायमा अन्य समाजमा जस्तो धेरै चाडपर्व मनाउने परम्परा छैन । थोरै मात्र मनाउँदछन् । दशैं, तिहार, संक्रान्ति यिनीहरूका मौलिक चाडपर्व होइनन् । तापनि यिनीहरू मनाउने गर्दछन् । चोनाम, देउकुल, बाहाबिस, देउकुल, बाहाबिस, भूमे दिङ, कालीका,

गैंडु पूजा, नामरुङ पूजा भने यिनीहरूका प्रमुख चाड हुन् । उक्त चाडपर्व जस्ता अनुष्ठानहरू मनाउँदा यिनीहरू आफ्नै प्रकारका विधिविधान तथा कर्मकाण्डहरू सम्पादन गर्दछन् । तिनलाई यो समुदाय चिनाउने मौलिक पहिचानका आधार मानिन्छ ।

चेपाङ नेपालमा बसोवास गर्ने अल्पसङ्ख्यक समुदाय हो । यद्दपि धार्मिक तथा सांस्कृतिक विश्वास तथा प्रथा परम्पराका निमित्त यो समुदाय पनि निकै उल्लेखनीय मानिन्छ । चोनाम, देउकुल, बाहाबिस, देउकुल, बाहाबिस, भूमे दिङ, कालीका, गैंडु पूजा, नामरुङ पूजा यिनीहरूका प्रमुख चाडपर्व, जात्रा उत्सव हुन् । वर्ष दिनभित्र यिनीहरूले उक्त चाडपर्व मनाउने गर्दछन् । हिजोआज भने उनीहरूलाई उक्त चाडपर्व मनाउन निकै गाह्रो भएको छ । उक्त चाडपर्व तथा मनाउने विधिविधान तथा कर्मकाण्डहरूले उनीहरू मौलिक पहिचानको प्रतिनिधित्व गर्दछन् । तिनीहरूले चेपाङ जातिलाई अन्यभन्दा पृथक बनाएको छ ।

**सन्दर्भ सामग्री**


खनाल, सन्ध्या (२०७९). चेपाङ जातिका सामाजिक संस्कार, नेपालका जातीय सामाजिक संस्कार भाग आठ, सम्पादक खत्री, प्रेमकुमार, काठमाडौ : नेपाल प्रज्ञाप्रतिष्ठान, पृ.९७-१०९ ।

खत्री, प्रेमकुमार (२०७०). *संस्कृति र अनुभूतिका आयामहरू*, काठमाडौ : सम्पदा संरक्षण, बिपद व्यवस्थापन तथा सामुदायिक विकास समाज ।

ढुङ्गेल, राममणि (२०५१). *चेपाङ समुदाय र सँस्कृति*, ललितपुरः साझा प्रकाशन ।

पाण्डेय, मधुसुधन (२०६०). *नेपालका जनजाति,* काठमाडौंः पैरवी प्रकाशन ।

राई, यू, चेपाङ, जे, चेपाङ, डी, (२०६८). *चेपाङ जातिको चिनारीः आवज विहिन सन्ततिहरूका लागि,* ललितपुरः नेपाल आदिवासी जनजाति महासङ्घ र नेपाल चेपाङ सङ्घ ।

शर्मा, नगेन्द्र (२०५२). *नेपाली जनजीवन,* ललितपुरः साझा प्रकाशन (दो.सं.) ।

श्री ५ को सरकार सञ्चार मन्त्रालय (२०३१). *मेचीदेखि महाकाली,* भाग १. काठमाडौँः श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग ।

Bista, D.B. (1976). *People of Nepal.* Kathmandu: Ratna Pustak Bhandar, 2nd Edition.

CBS (2012). *National Population & Housing Census-2011* (National Report). Kathmandu: Govt. of Nepal National Planning Commission.

Chepang, D.B. (2010). Life Cycle Ceremony of Chepangs, Readings on Indigenous Culture and Knowledge. *Culture and Development in Nepal Series 1*. Kathmandu: IGD.

Chepang, S. B. (2069). Indigenous Chepang, *Nepal Rastriya Jatiya Sangrahalaya Smarika*. Kathmandu: National Museum.

Gautam, R. & Thapa Magar A.K. (1994). *Tribal Ethnography of Nepal* (Vol-II), New Delhi: Book Faith India.

Hodgon, B.H., (1857). Chepang and Kusunda Tribes of Nepal..., *Paper Relative to the Colonization, Commerce, Physical Geography and Ethnography, etc. of the Himalaya Mountains and Nepal, Nos. VII and VIII* respectively of Selections from the Records of the Government of Bengal, No. XXVII, Calcutta: Gazzettee Office.

Khanal, S. (2009). Changing Socio- Cultural Scenario of Chepangs, *Voice of Culture* (Vol. V). Kathmandu: Padma Kanya Multiple Campus, Department of NeHCA.

Riboli, D. (2000). *Tunsuriban, Shaminism in the Chepang of Southern and Central Nepal*. Kathmandu: Mandala Book Point.

SNV, Neatherland Development Organisation, (2008). *Let the People Lead, Lessons for working effectively with excluded groups,* Lalitpur: Nepal Chepang Association.

UNESCO (2003). *Convention of the Safe Guarding of the Intangible Cultural Heritage 2003,* Kathmandu : UNESCO Office Nepal.